# काठमाडौं महानगरपालिकाको
# विज्ञापन बोर्ड तथा प्रचार सामाग्री नियमन गर्ने नीति, २०७०

## १. पृष्ठभूमि

काठमाडौं महानगरपालिकाले स्थानीय स्वायत्त शासन ऐन २०५५, विज्ञापन कर निर्देशिका, २०६४ र नगर परिषद्‌बाट पारित नीतिगत निर्णयको अधिनमा रही आफ्नो क्षेत्रभित्र तोकिए बमोजिमका विज्ञापन बोर्ड तथा सामाग्री राख्ने अनुमति दिई सो वापत विज्ञापन कर संकलन गर्दै आएको छ । ऐनले विज्ञापन करलाई नगरपालिकाको आन्तरिक श्रोतको रुपमा परिभाषित मात्र गरेको छैन नगरपालिका क्षेत्रमा प्रचार प्रसारको लागि राखिने विभिन्न किसिमका परिचय पाटी, बोर्डहरु र प्रचार सामाग्रीको अनुमति दिने र सो वापत कर संकलन गर्ने पाउने दिने एकमात्र निकायको रुपमा नगरपालिकाहरुलाई अधिकार प्रदान गरेको छ । काठमाडौं महानगरपालिकाको आन्तरिक श्रोतमध्ये घरजग्गा कर र व्यवसायक कर पछिको तेश्रो ठूलो करको रुपमा रहेको विज्ञापन कराधारको रुपमा रहेको महानगर क्षेत्रको विभिन्न किसिमका होर्डिंग बोर्ड, साईन बोर्ड, ग्लो साईन बोर्डहरु, कम्पनीको प्रयोजन बोर्डहरु र पोल व्यानर आदि प्रचार प्रसारका लागि राखिने बोर्ड तथा सामाग्रीहरु व्यवस्थित, मर्यादित, सुरक्षित एवं शहरी सौदर्ययुक्त हुन नसकेकोमा आम नागरिक तथा संचारगृहको चासोको विषय बन्दै आएको छ । यसले महानगर क्षेत्रमा राखिने प्रचार समाग्री तथा होर्डिंग बोर्डलाई आम्दानीको हिसावले मात्र नहेरी यसले शहरी विकास, सुरक्षा व्यवस्था र वातावरण संरक्षणमा पार्न सक्ने नकारात्मक प्रभावप्रति महानगरपालिका समयमै सजग र सचेत भई यस सम्बन्धमा उचित कदम चाल्नुपर्ने आवश्यकता देखिएको छ ।

महानगरपालिकाले विज्ञापन कर निर्देशिका, २०६४ बमोजिम महानगरमा राखिने वोर्ड तथा प्रचार सामाग्रीहरुको नियमन गरी कर संकलन गर्दै आएको छ । यसै निर्देशिकाको अधिनमा रही तोकिएको मापदण्ड भन्दा विपरित एवं निषेधित स्थानमा रखिएका बोर्ड तथा समाग्रीहरु हटाउने कार्य पनि गर्दै आएको छ । तर पछिल्लो समयमा आएर होर्डिंग बोर्ड राख्ने प्रतिस्पर्धाले यति वढदै गयो कि हरेक घरका छत तथा कौशी व्यवसायिक विज्ञापन बोर्डले भरी भराउ देखियो । यस क्षेत्रमा देखिएको अस्वस्थ प्रतिस्पर्धाले कर छलीका घटनाक्रमहरु पनि देखिए । यसरी शहरी सौदर्य र सुरक्षामा गंभिर असर पर्ने गरी अव्यवस्थित ढंगले राखिएका होर्डिंग बोर्डहरु व्यवस्थित गर्ने उद्देश्यले कामपाको १९ औं नगर परिषद्‌ले निर्मित भवन तथा भौतिक संरचनाको छतमा आर्थिक वर्ष २०६९।७० देखि होर्डिंग बोर्ड राख्न नपाउने निर्णय गर्दै घर भवनका छतमाथि होर्डिंग बोर्डहरु राख्न निषेध गऱ्यो । यसको कार्यान्वनयको सन्दर्भमा उपयुक्त नीति तथा संस्थागत व्यवस्था मिलाउन नसक्दा र व्यवसायीहरुको असहमतिले गर्दा यो नीति कार्यान्वनयमा वाधा व्यवधान रह्यो । उल्लेखित सन्दर्भमा छानामाथि बोर्ड राख्न यस अघि लिईएको नीतिगत निर्णय कार्यान्वयन गर्न र महानगर क्षेत्रमा विज्ञापन बोर्ड तथा प्रचार समाग्रीको समग्रीको नियमन र व्यवस्थापन गर्न एक छुट्टै नीतिको आवश्यकता देखिएकोले काठमाडौं

महानगरपालिकाले यो विज्ञापन बोर्ड तथा प्रचार समाग्री नियमन नीति, २०७० तर्जुमा गरी जारी गरिएको हो ।

**२. नीतिको दीर्घकालिन उद्देश्य (Vision)**

काठमाडौं महानगर क्षेत्रभित्र प्रचार प्रसारका लागि राखिने विभिन्न किमिमका बोर्ड तथा प्रचार सामाग्रीहरुलाई सामाजिक हितकारी, आधुनिक प्रविधियुक्त र वातावरण मैत्री बनाउदै यस्ता बोर्ड तथा समाग्रीहरुको नियमन, अनुगमन एवं नियन्त्रणको संस्थागत व्यवस्था गरी महानगरपालिकाको आयश्रोत समेत वृद्धि गर्दै जाने यो नीतिको दीर्घकालिन उद्देश्य हुनेछ ।

**३. नीतिको दीर्घकालिन लक्ष्य (Mission)**

काठमाडौं महानगर क्षेत्रभित्र प्रचार प्रसारका लागि राखिने व्यवसायिक, सचेतनामूलक तथा सरकारी सूचना सन्देशयुक्त विभिन्न किमिमका बोर्ड तथा तथा प्रचार सामाग्रीहरुलाई सामाजिक मूल्य मान्यतालाई सम्बर्धन गर्ने, आधुनिक प्रविधियुक्त र वातावरण मैत्री बनाउन उपलब्ध श्रोत साधनको अधितम् प्रयोग गरी यस्ता बोर्ड तथा समाग्रीहरुको नियमन, अनुगमन एवं नियन्त्रणको संस्थागत व्यवस्था गरी महानगरपालिकाको आन्तरिक आयमा यस क्षेत्रबाट प्राप्त हुने कर आयको अंश समेत वृद्धि गर्दै जाने यो नीतिको दीर्घकालिन लक्ष्य हुनेछ ।

**३. नीतिको उद्देश्य (Objectives)**

काठमाडौं महानगर क्षेत्रभित्र प्रचार प्रसारका लागि राखिएका र राख्न दिईने व्यवसायिक, सचेतनामूलक तथा सरकारी सूचना सन्देशयुक्त विभिन्न किमिमका बोर्ड तथा तथा प्रचार सामाग्रीहरुलाई वदलिदो परिवेश अनुसार विकसित सामाजिक मूल्य मान्यतालाई आत्मसाथ  गर्ने, विज्ञान र प्रविधिको विकासले सृजित उपयुक्त प्रविधि आकर्षित गर्ने र वातावरण संरक्षणमा सहयोग पुग्ने बनाउन विद्यामान नीतिलाई समयसामयिक  परिवर्तन गरी उपयुक्त नीति, मापदण्ड, कार्यविधि तयार गरी सो को कार्यान्वयन र अनुगमनको संस्थागत व्यवस्था गरी करको दायरा तथा कर आयमा समेत उल्लेखनीय वृद्धि गर्ने उद्देश्य यो नीतिले लिएको छ । यो नीतिको मूलभूत उद्देश्यहरु देहाय बमोजिम हुनेछन् :

१) विज्ञापन बोर्ड तथा प्रचार समाग्री राख्न पाउने स्थान, तरिका तथा समाग्री र निषेध गरिएका स्थान तथा समाग्रीहरुको मापदण्ड तोक्ने ।

२) सार्वजनिक जग्गा, ऐतिहासिक सम्पदाको संरक्षण गर्दै वातावरण संरक्षणमा जोड दिने ।

३) विज्ञापन बोर्ड तथा प्रचार सामाग्रीको प्रयोगमा आधुनिक प्रविधिको प्रवर्द्धन र समाजिक मूल्य मान्यतालाई आत्मसाथ गर्ने ।

४) महानगर क्षेत्रमा अनुमति नलिई कुनै पनि प्रकारका विज्ञापनयुक्त, प्रचारात्मक, सूचना वा सन्देशमूलक बोर्ड, परिचय पाटी तथा सामाग्रीहरु राख्न नपाउने व्यवस्था गर्ने ।

५) महानगर क्षेत्रका सम्पूर्ण वाह्य विज्ञापन बोर्ड तथा समाग्रीको नियमन गर्दै आन्तरिक श्रोत साधनको उपयोग समेत गरी यस क्षेत्रबाट प्राप्त  हुने राजस्वको अंकमा समेत वृद्धि गर्ने ।

**४. नीतिको व्यवस्था**

महानगर क्षेत्रमा राखिने विज्ञापन तथा सूचना बोर्ड र प्रचार सामाग्रीहरुको नियमन, नियन्त्रण गरी महानगरपालिकाको आन्तरिक आयमा अभिवृद्धि समेत गर्न देहाय बमोजिमका नीतिगत व्यवस्था गरिएको छ :

क) काठमाडौं महानगरक्षेत्रका सार्वजनिक स्थानहरुमा अनाधिकृत ढंगले राखिएका सम्पूर्ण व्यवसायीक  होर्डिङ्ग बोर्डहरु तथा प्रचार समाग्रीहरु हटाउने र उक्त स्थानहरुमा व्यवसायिक विज्ञापन बोर्ड तथा प्रचार सामाग्री राख्न पूर्ण रुपमा निषेध गर्ने ।

ख) महानगर भित्रका सबै प्रकारका निर्मित घर टहराको छत, कौशी, छानामा राखिएका सम्पूर्ण बोर्डहरु हटाउने र उक्त स्थानमा कुनै पनि प्रकारका प्रचारका समाग्री तथा बोर्डहरु राख्न निषेध गर्ने ।

ग) महानगर क्षेत्रका ऐतिहासिक सांस्कृतिक सम्पदाहरु, नेपाल राज्यको मुख्य प्रशासनिक केन्द सिंहदरबार, प्रधानमन्त्री कार्यालय, राष्ट्रपति, उपराष्ट्रपति कार्यालयको वाहिरी सीमाबाट कम्तिमा १०० मिटरसम्म ३० बर्गफिटसम्मको व्यवसायिक परिचय पाटी वाहेक व्यवसायिक विज्ञापन बोर्ड तथा प्रचार समाग्रीहरु राख्न निषेध गर्ने ।

घ) महानगरपालिका क्षेत्रमा अनाधिकृत ढंगले राखिएका नीजि क्षेत्रबाट प्रायोजित सरकारी सुचना वोर्डहरु तथा सचेतनामूलक बोर्डहरु तत्काल हटाउने ।

ङ) एकसय बर्गफुट भन्दा ठूला साईजका होर्डिंग बोर्डहरुको अनिवार्य रुपमा विमा गरीनु पर्ने । होर्डिंग बोर्डहरु दर्ता गरी बोर्डको मुनि दर्ता नम्बर स्पष्ट देखिने पाता झुण्ड्याउनुपर्ने । अब उप्रान्त २०० बर्गफुट भन्दा ठूला साईजका बोर्डहरु नयाँ दर्ता गर्नुपूर्व सो प्राविधिक हिसावले ठिक भए नभएको नेपाल इन्जिनियरिंग काउन्सिलबाट लाईसेन्स लिईएका प्राविधिकबाट उपयुक्तताको सिफारिस लिने व्यवस्था अनिवार्य गर्ने ।

च) कुनै पनि व्यवसायीले कामपामा स्वीकृत लिएकै वखत खाली बोर्डमा राख्ने सन्देशमूलक सामाग्री लिई अनिवार्य रुपमा राख्नुपर्नेछ । सामाग्री रहित खाली बोर्ड राख्न निषेध गर्ने । व्यवसायीले वोर्डमा राख्ने सामाग्री रंगिन एक प्रति सामाग्री परिवर्तन गरेपिच्छे महानगरपालिकालाई उपलब्ध गराउनुपर्ने ।

छ) काठमाडौं महानगरपालिका भित्र रहेका अव्यवस्थित अनियन्त्रित विशुद्ध निजी फाइदाका उद्देश्यले सार्वजनिक चोक, सडकसँगै जोडेर ट्राफिक प्रहरी लगायत कुनै पनि सरकारी नामबाट राखिएका बोर्डहरु तत्काल हटाउने ।

ज) विज्ञापन बोर्डको साइज, बोर्ड राख्ने स्थान र यस सम्बन्धी अन्य मापदण्ड अनुसूचि १ बमोजिम हुनेछ ।

झ) सडक पेटी तथा सार्वजनिक स्थानमा कुनै पनि प्रकारका द्वार, stall display राख्न पूर्ण प्रतिवन्ध लगाउने ।

ञ) बिद्युत टेलिफोन लगायतका street pole हरुमा अनाधिकृत ढंगले राखिएका सबै प्रकारका बोर्डहरु हटाउने ।

ट) शहरी सुन्दरतामा प्रतिकुल असर पार्ने पोल व्यानरलाई पूर्ण रुपमा विस्थापित गर्न कामपा क्षेत्रभित्रका सम्भावित विजुलीका पोलहरुमा सम्बन्धित निकायसँग सहकार्य गरी आधुनिक प्रविधियुक्त सोलारवत्ती जडित पोल बोर्ड डिजाईन गरी प्रतिस्पर्धाको माध्यमबाट मात्र राख्ने ।

ठ) परिचय पाटीको हकमा कामपामा व्यवसाय दर्ता भएका व्यवसायीले मात्र परिचय पाटी राख्न पाउने छ । एक व्यवसायले एकभन्दा वढी परिचयपाटी राख्न पाउने छैन । परिचय पाटीको अधितम साइज उचाईमा ३ फिट ननघाई वढीमा ३० वर्गफिटसम्ममात्र हुनेछ । वोर्ड राख्दा छरिएर नराखी एकीकृत रुपमा ठाडो गरी राख्नुपर्ने । साथै सपिंग कम्प्लेक्स तथा व्यवसायिक भवनमा छुट्टा छुट्टै परिचय पाटी नराखी एकै स्थानमा भर्टिकल रुपमा परिचय पाटी राख्ने अन्यत्र राख्न निषेध गर्ने । सुरक्षाको दृष्टिकोणले परिचयपत्र राख्दा घरको कुनैपनि झ्याल छोप्न नपाईने व्यवस्थालाई कडाईकासाथ कार्यान्वयन गर्ने ।

ड) सपीङ्ग कम्प्लेक्स, सुपर मार्केट जस्ता ठुलाठुला ब्यापारिक कम्प्लेक्सको हाता, कम्पाउण्ड भित्र सुरक्षाका मापदण्ड अपनाई भूईं तथा भित्ताहरुमा होर्डिङ्ग बोर्ड, डिजिटल डिस्प्ले, चलदृश्य बोर्ड, एलसीडी बोर्ड, रोलर बोर्ड, ग्लो बोर्ड, नियोन साईन, प्रोजेक्टर, स्टल डिस्प्ले जस्ता बाह्य बिज्ञापन राख्न अनुमति दिने ।

ढ) महानगवरपालिकाको यातायात गुरुयोजना बनाई सो अनुरुप यातायात ब्यवस्थापन एवं यात्रु सुविधालाई ध्यानमा राखी  एकरुपता कायम हुने गरी बाह्य बिज्ञापन बोर्ड राख्ने ब्यवस्था सहितको सुविधायुक्त (सोलार बत्ति, टेलिफोन बुथ, उपयुक्त स्थान, लोकेशन नक्शा सहितको) प्रतिक्षालय (Bus stop) निजी क्षेत्रको  सहभागितामा प्रतिस्पधात्मक माध्यमबाट निर्माण गरी हालको अव्यवस्थित बस स्टपहरुलाई प्रतिस्थापन गर्ने ।

ण) कामपासँग यस अघि स्वीकृति लिई राखेका र अब उप्रान्त स्वीकृति हुने बस स्टप निर्माण कर्ताले कामपाले तोकेको डिजाईन अनुसार गनुपर्ने र विज्ञापन गर्न मिल्ने कूल भागको ४० प्रतिशत भागमा अनिवार्य रुपमा तोकिएको सूचना तथा सन्देशमूलक सामाग्रीहरु राख्नु पर्ने र प्रत्येक वसस्टपमा सोलार वत्ती अनिवार्य जडान गर्नुपर्ने ।

त) सार्वजनिक निजी साझेदारी अन्तर्गत अत्याधुनिक आकासे पुल, सुविधा सम्पन्न पार्क, शहरी सुविधा केन्द्र स्थापनामा प्रोत्साहन गर्न शहरका विभिन्न स्थानहरु छनौट गरी प्रतिस्पर्धाको आधारमा उपलब्ध गराउने तोकिएको मापदण्ड बमोजिम बिज्ञापन गर्न पाउने ब्यवस्था मिलाउने ।

थ) होर्डिंग बोर्ड दर्ता तथा नविकरण गर्दा प्रचलित कानून बमोजिम सम्पत्ती वहालमा दिने व्यक्तिलाई लाग्ने सम्पत्ति वहाल कर घरजग्गा धनीको नाममा व्यवसायीले नै तिर्नुपर्ने व्यवस्था मिलाउने ।

द) महानगरपालिका क्षेत्रमा हुने योजनावद्ध पुर्वाधार विकासमा निजी क्षेत्र सहभागी हुन चाहेमा प्रायोजकको रुपमा सहभागी गराउंदा सम्बन्धित निजी क्षेत्रलाई आफ्नो लोगोको सम्म बिज्ञापन गर्न दिने ।

ध) रोड डिभाईडरमा बिज्ञापन गर्न पूर्ण रुपमा निषेध गर्ने ।

न) कामपा यस अघि दर्ता भई नियम अनुसार बुझाउन पर्ने कर दस्तुर नबुझाउने विज्ञापन व्यवसायी/व्यक्तिहरुलाई कामपामा रहेको अभिलेखको आधारमा कालो सूचीमा खडा गरी राख्ने, सार्वजनिक गर्ने र यसपछि निजहरुले कामपासँग लिने कुनै पनि प्रकारको सेवा लिन आउँदा बाकी बक्यौता चुक्ता गनुपर्ने । यस्तो बुझाउनु पर्ने कर नबुझाएकासँग सरकारी बाँकी सरह असुलउपर गर्ने ।

प) कामपासंग स्वीकृति नलिई निर्माण भएका बसस्टपका बोर्डहरु हटाउने ।

फ) सरकारी वाहेकका निजी जग्गामा बोर्डहरु राख्दा सधियारकातर्फ तथा सडकतर्फ कम्तिमा १० फिट जमिन छोडेको हुनुपर्ने र उचाईको हकमा जमिनसतहबाट वढीमा ३० फिटमात्र हुनुपर्नेछ र अनिवार्य रुपमा बोर्डमा सोलार वत्ति जडान गरेको हुनुपर्ने ।

ब) सरकारी सूचना तथा सचेतनासम्बन्धी सामाग्रीहरु राख्न परेमा विज्ञापन कर छुट दिने । यस्ता सूचना समाग्री राख्दा माथि उल्लेखित मापदण्ड पालना गर्नुपर्ने ।

भ) आन्तरिक श्रोत साधन परिचालन गरी महानगरपालिकाको आन्तरिक आयमा अभिवृद्धि गर्न महानगर क्षेत्रमा रहेका सार्वजनिक स्थान तथा आफ्नै जग्गामा आधुनिक, उच्च प्रविधियुक्त र वातावरणमैत्री विज्ञापन बोर्ड तथा प्रचार समाग्री राख्ने स्थान व्यवस्था गरी प्रतिस्पर्धाको माध्यमबाट उक्त स्थान निजी क्षेत्रलाई उपलब्ध गराई सो वापत कर, रोयल्टी रकम परिचालन गर्ने ।

म) महानगरपालिका क्षेत्रमा राखिने विज्ञापन तथा सचेतनामूलक बोर्ड तथा प्रचार समाग्रीबाट शहरी हरियाली, समाजिक मूल्य मान्यता र सदभाव तथा सुरक्षाको

दृष्टिकोणबाट उपयुक्त भएको नपाइएमा सो बोर्ड तथा सामाग्री तत्काल हटाउने व्यवस्था गर्ने ।

य) यो नीति विपरित राखिएका सार्वजनिक स्थल, पोल र घर भवनको छाना तथा कौशीमा राखिएका बोर्डहरु तत्काल हटाउनुपर्नेछ । र अन्य स्थानको हकमा यो नीति जारी भएको ६ महिनाभित्र यस नीति बमोजिमको मापदण्डभित्र कायम गर्नुपर्नेछ ।

## ५. नीति कार्यान्वयन कार्ययोजना

यो नीतिको प्रभावकारी कार्यान्वयनको लागि देहाय बमोजिमको नीति कार्यान्वयन कार्यायोजना तयार गरिएको छ ।

| क्र. सं. | नीतिगत व्यवस्था | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | समय सीमा |
|---|---|---|---|---|
| १. | भवन, घरको छतमा राखिएका बोर्डहरु हटाउने | कार्यान्वयन महाशाखा | राजस्व महाशाखा | तत्काल |
| २. | सार्वजनिक स्थल र पोलमा अनाधिकृत ढंगले राखिएका बोर्डहरु हटाउने । | कार्यान्वयन महाशाखा | राजस्व महाशाखा | तत्काल र निरन्तर |
| ३. | महानगर क्षेत्रका ऐतिहासिक सांस्कृतिक सम्पदाहरु, मुख्य प्रशासनिक केन्द्र सिंहदरबार, प्रधानमन्त्री कार्यालय, राष्ट्रपति, उपराष्ट्रपति कार्यालयको वाहिरी सीमाबाट कम्तिमा १०० मिटर वरपर परिचय पाटी वाहेक सबैखाले बोर्ड तथा सामाग्रीहरु निषेध गर्ने । | राजस्व महाशाखा | कार्यान्वयन महाशाखा | १ महिनाभित्र |
| ४. | एकसय बर्गफुट भन्दा ठूला साईजका होर्डिंग बोर्डहरुको अनिवार्य रुपमा विमा गरीनु पर्ने । होर्डिंग बोर्डहरु दर्ता गरी बोर्डको मुनि दर्ता नम्बर स्पष्ट देखिने पाता झुण्ड्याउनुपर्ने । | राजस्व महाशाखा | कार्यान्वयन महाशाखा | ३ महिनाभित्र |
| ५. | २०० बर्गफुट भन्दा ठूला साईजका बोर्डहरु नयाँ दर्ता गर्नुपूर्व सो प्राविधिक हिसावले ठिक भए नभएको नेपाल इन्जिनियरिंग काउन्सिलबाट लाईसेन्स लिईएका प्राविधिकबाट उपयुक्तताको सिफारिस लिने व्यवस्था अनिवार्य गर्ने । | राजस्व महाशाखा | शहरी विकास महाशाखा | निरन्तर |
| ६. | कामपा क्षेत्रभित्रका सम्भावित विजुलीका पोलहरुमा सम्बन्धित निकायसँग सहकार्य गरी आधुनिक प्रविधियुक्त सोलारवत्ती जडित पोल बोर्ड डिजाईन गरी प्रतिस्पर्धाको माध्यमबाट मात्र राख्ने । | राजस्व महाशाखा | शहरी विकास विभाग, भौतिक विकास तथा निर्माण विभाग | ६ महिना भित्र |

| | | | | |
|---|---|---|---|---|
| ७. | कामपामा व्यवसाय दर्ता भएका व्यवसायीले मात्र परिचय पाटी राख्न पाउने छ । एक व्यवसायले एकभन्दा वढी परिचयपाटी राख्न पाउने छैन । परिचय पाटीको अधितम साइज उचाईमा ३ फिट ननघाई वढीमा ३० वर्गफिटसम्ममात्र हुनेछ । सपिंग कम्प्लेक्स तथा व्यवसायिक भवनमा छुट्टा छुट्टै परिचय पाटी नराखी एकै स्थानमा भर्टिकल रुपमा परिचय पाटी राख्ने अन्यत्र राख्न निषेध गर्ने । सुरक्षाको दृष्टिकोणले परिचयपत्र राख्दा घरको कुनैपनि झ्याल छोप्न नपाईने व्यवस्थालाई कडाईकासाथ कार्यान्वयन गर्ने । | राजस्व महाशाखा | शहरी विकास विभाग, भौतिक विकास तथा निर्माण विभाग | ६ महिना भित्र |
| ८. | महानगर क्षेत्रमा एकरुपता कायम हुने गरी बाह्य बिज्ञापन बोर्ड राख्ने व्यवस्था सहितको सुविधायुक्त प्रतिक्षालय (Bus stop) निजी क्षेत्रको सहभागितामा प्रतिस्पधात्मक माध्यमबाट निर्माण गरी हालको अव्यवस्थित बस स्टप निर्माण गरी विज्ञापन गर्ने कार्यलाई निरुत्साहित गर्ने । | शहरी विकास विभाग | राजस्व महाशाखा | ६ महिनाभित्र |
| ९. | सरकारी वाहेकका निजी जग्गामा बोर्डहरु राख्दा सधियारकातर्फ तथा सडकतर्फ कम्तिमा ५ फिट जमिन छोडेको हुनुपर्ने र उचाईको हकमा जमिनसतहबाट वढीमा ३० फिटमात्र हुनुपर्नेछ र अनिवार्य रुपमा बोर्डमा सोलार वत्ति जडान गरेको हुनुपर्ने । | राजस्व महाशाखा | कार्यान्वयन महाशाखा | ३ महिनाभित्र र निरन्तर |
| १०.. | आन्तरिक श्रोत साधन परिचालन गरी महानगरपालिकाको आन्तरिक आयमा अभिवृद्धि गर्न महानगर क्षेत्रमा रहेका सार्वजनिक स्थान तथा आफ्नै जग्गामा आधुनिक, उच्च प्रविधियुक्त र वातावरणमैत्री विज्ञापन बोर्ड तथा प्रचार समाग्री राख्ने स्थान व्यवस्था गरी प्रतिस्पर्धाको माध्यमबाट उक्त स्थान निजी क्षेत्रलाई उपलब्ध गराई सो वापत कर, रोयल्टी रकम परिचालन गर्ने । | राजस्व महाशाखा | कामपाका विभागहरु सबै | निरन्तर |

### ६. संस्थागत व्यवस्था

यस नीतिले गरेको परिमार्जित व्यवस्थाको हकमा सोही बमोजिम र सो बाहेक अन्य कार्यविधिगत कुरा तथा करका दररेटका सम्बन्धमा कामपाको विज्ञापन कर निर्देशिका, २०६४ बमोजिम हुनेछ । यो नीति कार्यान्वयनको लागि राजस्व महाशाखा, भौतिक पूर्वाधार विकास विभाग, शहरी विकास विभाग र कार्यान्वयन महाशाखाका प्रतिनिधि भएको भएको एक कार्यदल निर्माण गरी सो कार्यदलको निर्देशन कार्यान्वयन गर्न राजस्व महाशाखा र कार्यान्वयन महाशाखाले आवश्यक कर्मचारी एवं श्रोत साधनको व्यवस्था मिलाइनेछ । उल्लेखित महाशाखाहरुले गरेको कामको अनुगमन सम्बन्धित महाशाखा प्रमुख र कार्यदलले गर्नेछ ।

### ७. बजेट व्यवस्था

यो नीति कार्यान्वयनको लागि आवश्यक बजेट वार्षिक रुपमा राखिनेछ । अनाधिकृत ढंगले राखिएका र मापदण्ड विपरितका बोर्ड तथा प्रचार समाग्रीहरु हटाउन र नियमित रुपमा आवश्यक कार्वाहीको लागि कामपा कार्यान्वयन महाशाखा अन्तर्गत कार्यक्रम सहित आवश्यक बजेट व्यवस्था गरिनेछ ।